# बगनासकाली गाउँपालिकाको

# आ.व.२०८०।०८१ को

# २०८० मंसिरसम्मको आवस्था

# बगनासकाली गाउँपालिका

## गाउँकार्यपालिकाको कार्यालय


चिर्तुङ्गधारा, पाल्पा

लुम्बिनी प्रदेश, नेपाल

Email: baganaskali.rural@gmail.com,

Website: https://baganaskalimun.gov.np/

"समृद्ध बगनासकाली गाउँको सार : समग्र विकासको दिगो आधार"

# आ. व. २०८०।०८१ को हालसम्मको अवस्था

# बगनासकाली गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय



चिर्तुङ्गधारा, पाल्पा ।

मंसिर मसान्तसम्म



निर्माणधिन गाउँपालिकाको कार्यालय
प्रशासकीय भवन

गाउँपालिकाको कार्यालय

# १ – गाउँपालिकाको परिचय

## ऐतिहासिक चिनारी तथा नामकरण

गाउँपालिकाको नामाकरण गर्ने क्रममा शुरुमा यहाँका राजनैतिक दलहरुमा दुई मत रहेको थियो। पहिलो मत साविक यम्घा, दर्लमडाँडा र खानिगाउँ गा.वि.स.को काखमा बहने पवित्र कालिगण्डकी नदीको नामबाट नामाकरण गरी कालिगण्डकी गाउँपालिका नामाकरण गर्ने भन्ने थियो भने दोस्रो मत साविक चिर्तुङ्गधारा गा.वि.स.को शिरमा रहेको पवित्र धार्मिक स्थल बगनासदेवी स्थानको नामबाट बगनासदेवी गाउँपालिका नामाकरण गर्ने भन्ने रहेको थियो। अन्त्यमा दुवै नामलाई मिलाई नामाकरण गर्ने सहमति भए पछि बगनासदेवीको बगनास र कालिगण्डकीको काली शब्दको संयोजनवाट बगनासकाली गाउँपालिका नामाकरण भएको हो। यहाँको पवित्र धार्मिक स्थल बगनासदेवी स्थानको ईतिहास निकै पुरानो मानिन्छ। परापूर्वकालमा चिलाङ्गदी भन्ज्याङ्गको आसपासमा घना वन थियो। मानिसहरुको आबादी बढ्दै जाँदा घना वन मासेर बस्ती बसाईएकोले यो ठाँउलाई वनमासा भनियो। बगनास डाँडाको शिरमा देविको मन्दिर स्थापना गरी यस ठाउँलाई पवित्र स्थानका रुपमा पूजिदै आईयो। कालान्तरमा बननास शब्द अपभ्रम्स भएर बगनास भएको किम्वदन्ती रहेको छ। राज्य पुनर्संरचना गरि संघीय शासन व्यवस्था लागु गर्ने सन्दर्भमा साविक चिर्तुङ्गधारा गा.विं.स.को कार्यालय भएको भवनबाट कार्यालय सञ्चालन भई रहेको छ।

# १ – क्रमश

## भौगोलिक अवस्थिति र बनोट

बगनासकाली गाउँपालिका, पाल्पाको सदरमुकाम तानसेन नगरपालिका देखी ७ कि.मि. उत्तरमा अवस्थित छ । यो गाउँपालिका ८४.१६ बर्ग कि.मि. क्षेत्रमा फैलिएको छ । राष्ट्रिय जनगणना २०६८ का अनुसार यहाँको कुल जनसँख्या (२१३६१ रहेको छ । यस गाउँपालिकाको पूर्वमा रम्भा गाँउपालिका, पश्चिममा तानसेन नगरपालिका, उत्तरमा कालिगण्डकी नदी, दक्षिणमा माथागढी गाँउपालिका पर्दछ । राष्ट्रिय जनगणना २०७८ अनुसार महिला- १०१०१, पुरुष- ८३९६ गरी जम्मा १८४९७ रहेको छ । यस गाउँपालिकाको केन्द्र साविक चिर्तुङ्गधारा गा.वि.स.को चिलाङ्दी भञ्ज्याङ्मा राख्ने सहमति भएता पनि हाल कार्यालय संचालनका लागि भौतिक पूर्वाधार नभएका कारण साविक चिर्तुङ्गधारा गा.वि.स.को कार्यालय भएको भवनबाट कार्यालय संचालन भई आएको छ । कार्यालय भवन निर्माणाधिन अवस्थामा रहेको छ । कार्यालयको भवन निर्माण भएपछि सोहि भवनबाट कार्यालय संचालन हुनेछ ।

# धार्मिक एवं पर्यटकीय क्षेत्र

धार्मिक, ऐतिहासिक, पर्यटकीय तथा महत्वपूर्ण स्थल- बगनास देविस्थान, दर्लम महाकाली, महामृत्युन्जय शिवासन, सिद्ध गुफा मन्दिर, रामनदी (राम्दी) धाम, मालारानी, रानीमहल क्षेत्र, ऋषिकेषेश्वर मन्दिर, बौद्ध गुम्वा, माडी फाँट, सिद्धबाबा मन्दिर, भगवती मन्दिर, शिवालय मन्दिर, कालिका मन्दिर, चेचीकोट मन्दिर, आर्यभङ्याङ्ग, चिलाङ्दी भङ्याङ्ग, झिरभङ्याङ्ग, तिनछाँगा, चमेरे गुफा, गुडुवाखोला आदि रहेका छन् ।

## राजनीतिक अवस्थिति:

“बगनासकाली गाउँपालिका” नेपाल सरकारद्धारा २०७३ फागुन ९ मा निर्णय गरी २०७३ फागुन २७ गते नेपाल राजपत्रमा प्रकाशन गरेपछि यसको विधिवत स्थापना भएको हो।यस बगनासकाली गाउँपालिकामा साविकका ९ वटा गाउँ विकास समितिहरुलाई ९ वटा वडामा समायोजन गरी, नेपाल सरकारको मिति २०७३।११।९ को निणर्य अनुसार यो गाउँपालिका स्थापना भएको हो।अहिले (साविकको चिर्तुङ्धारा गा.वि.स.) वार्ड न. १, त्यसैगरी (साविकको पोखराथोक गा.वि.स.) वार्ड न. २, (साविकको नायरनमतलेस गा.वि.स.) वार्ड न. ३, (साविकको खानिछाप गा.वि.स.) वार्ड न. ४,(साविकको दर्लमडाँडा गा.वि.स.) वार्ड न. ५, (साविकको यम्घा गा.वि.स.) वार्ड न. ६,(साविकको खानीगाउँ गा.वि.स.) वार्ड न. ७,(साविकको बराङ्गदी गा.वि.स.को वाड न. १, ७, ९) वार्ड न. ८ र (साविकको चापपानी गा.वि.स.) हालको वार्ड न. ९ वनेको छ।यस गाउँपालिकामा विभिन्न कला, संस्कृति, भाषा, धर्म, जातजातिका समुदायको समिश्रण रहेको छ।यहाँ ब्राह्ममण, क्षेत्री, मगर, नेवार, दलित, कुमाल, बोटे जातिको बसोवास रहेको छ ।

# जातजाति र जनसांख्यिक विवरण

राष्ट्रिय जनगणनाबाट प्राप्त नतिजाको आधारमा जनसंख्याको विविध पक्षहरुको विश्लेषण गरिएको छ । राष्ट्रिय जनगणना, २०६८ अनुसार बगनासकाली गाउँपालिकाको जनसंख्या २१,३६१ रहेको थियो । WASH घरपरिवार सर्वेक्षण, २०७६ अनुसार बगनासकाली गाउँपालिकाको जनसंख्या २८,८४९ रहेको छ जस मध्ये पुरुष १३,९४६ जना र महिला १४,८९७ जना रहेका छन् । जातजातिका आधारमा घरपरिवार विवरण अन्तर्गत आदिवासी जनजाति-२,५७४, ब्राह्मण, क्षेत्री-२,०५०, दलित-५५२, मधेसी-४ मुस्लिम-३ सिमान्तकृत-७६ रहेको छ । राष्ट्रिय जनगणना, २०७८ अनुसार महिला-१०,१०१ पुरुष- ८,३९६ गरी जम्मा १८,४९७ रहेको छ । राष्ट्रिय जनगणना, २०७८ अनुसार परिवार संख्या ५,११५ परिवारको औसत आकार ३.६, लैङ्गिक अनुपात ८३, वार्षिक जनसंख्या बृद्धिदर-१ प्रतिशत, जनघनत्व २२० र साक्षरता दर जम्मा ८२.५ प्रतिशत छ ।जसमा पुरुष ९१ प्रतिशत र महिला ७४ प्रतिशत रहेको छ ।

## शैक्षिक संस्था

यस गाउँपालिकामा सरकारी विद्यालय : ३० र निजी विद्यालय-७ गरी जम्मा ३७ विद्यालय रहेका छन् । जसमध्ये पूर्व प्राथमिक (इ.सि.डी) २४, आधारभूत तह (१-५) ११, आधारभूत तह (६-८) ९, मा.वि. (९-१०)-१० र प्राविधिक शिक्षा १ वटा रहेका छन् ।

## स्वास्थ्य संस्था

गाउँपालिका स्वास्थ्य शाखा १, स्वास्थ्य चौकी ९, सामुदायिक स्वास्थ्य इकाई-२ र आयुर्वेद केन्द्र-१ रहेका छन् । प्रत्येक वडामा १/१ वटा स्वास्थ्य चौकी रहेको छ भने वडा नं. ८ मा आयुवर्दे केन्द्र रहेको छ ।

## सहकारी संस्था

यस गाउँपालिकामा जम्मा ३१ वटा सहकारी संस्था रहेका छन् । यसमध्ये प्रदेशतर्फको श्रम सहकारी संस्था पनि गाउँपालिकामा दर्ता भई सञ्चालनमा रहेको छ ।

# कार्यालयको कार्यक्षेत्र

- ❖ विकास निर्माणसँग सम्बन्धी
- ❖कृषि विकास सेवासँग सम्बन्धी
- ❖पशु सेवासँग सम्बन्धी
- ❖स्वास्थ्य सेवासँग सम्बन्धी
- ❖शिक्षा, यूवा तथा खेलकुदसँग सम्बन्धी
- ❖बिपद् व्यवस्थापन सँग सम्बन्धी
- ❖सामाजिक सुरक्षा तथा पञ्जिकरणसँग सम्बन्धी
- ❖घर नापी तथा नक्सापाससँग सम्बन्धी
- ❖आन्तरिक राजस्व संकलनसँग सम्बन्धी
- ❖अन्य : अन्य निकाय सँग समन्वय एवं सबै किसिमका सिफारिस, श्रमस्वीकृती लगायत स्थानीय तहले सम्पादन गर्ने भनि प्रचलित ऐनले तोके बमोजिम सबै कार्य ।

# कर्मचारीको दरबन्दी तथा पदपूर्ति विवरण

## गाउँपालिकाको कार्यालय तथा वडा कार्यालयहरुमा प्रस्तावित कर्मचारी दरवन्दी

| गाउँपालिका तह | | | | | |
|---|---|---|---|---|---|
| विषयगत शाखा/इकाई | प्रस्तावित कर्मचारी दरवन्दी बिबरण | संख्या | सेबाको प्रकृती | | कैफियत |
| | | | स्थायी | करार | |
| कार्यालय प्रमुख | प्रमुख प्रशासकीय अधिकृत रा.प तृतिय | १ | १ | | |
| लेखा शाखा | अधिकृत (लेखा) सातौं | १ | १ | | |
| | सहायक (लेखा) पाँचौं | १ | १ | | |
| योजना तथा अनुगमन शाखा | अधिकृत (प्र) छैठौ | १ | १ | | |
| | सहायक चौथो (प्र) | १ | १ | | |
| सामान्य प्रशासन शाखा | अधिकृत (प्र) छैठौ | १ | १ | | |
| | प्रशासन एवं सामाजिक सुरक्षा तथा पञ्जिकरण इकाई | | | | |
| | सहायक (प्र) पाँचौं | १ | १ | | |
| | कम्प्युटर अपरेटर पाचौं (बिबिध) | १ | १ | | |
| | सहायक चौथो (प्र) | १ | १ | | |
| | कार्यालय सहयोगी | ४ | २ | २ | |
| | हलुका सवारी चालक | २ | | २ | |
| | जिन्सी/खरिद इकाई | | | | |
| | सहायक चौथो/पाँचौं (प्र) | १ | १ | | |
| | राजस्व इकाई | | | | |
| | सहायक पाँचौं (प्र) | १ | १ | | |

| | | | | |
|---|---|---|---|---|
| | पूर्वाधार विकास इकाई | | | |
| | इन्जिनियर (छैठौं ) ( इन्जि/सिभिल/जनरल) | १ | १ | |
| | सब-इन्जिनियर(पाँचौं) (इन्जि./सिभिल) | १ | १ | |
| | खानेपानी टेक्निसियन चौथो (इ.सिभिल.स्यानिटरी) | १ | १ | |
| | भवन तथा मापदण्ड कार्यान्वयन इकाई | | | |
| पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा | इन्जिनियर (छैठौं ) (इन्जि/सिभिल/जनरल) | १ | १ | |
| | सब-इन्जिनियर(पाँचौं) (इन्जि./सिभिल) | १ | १ | |
| | अमिन चौथो | १ | १ | |
| | वातावरण तथा विपद व्यवस्थापन इकाई | | | |
| | सहायक (प्र) पाँचौं | १ | १ | |
| | अ सब-इन्जिनियर(चार्थौं) इन्जि./ सिभिल | १ | १ | |
| सामाजिक विकास शाखा | सहायक (प्र) पाँचौं | १ | १ | |
| | सहायक (प्र) चौथो (स.म.बि.नी) | १ | १ | - |
| शिक्षा, युवा तथा खेलकुद | अधिकृत (शिक्षा) छैठौं/सातौं/आठौं ) | १ | १ | |

गाउँपालिका तह

| बिषयगत शाखा/इकाई | प्रस्तावित कर्मचारी दरवन्दी बिबरण | संख्या | सेबाको प्रकृती | | कैफियत |
|---|---|---|---|---|---|
| | | | स्थायी | करार | |
| शिक्षा, युवा तथा खेलकुद | प्रबिधिक सहायक पाँचौं (शिक्षा) | १ | १ | | |
| स्वास्थ्य शाखा | अधिकृत (छैठौं) (सि.अ.हे.व/हे.अ- हे.ई) | १ | १ | | |
| | सि.अ.न.मी (छैठौं)- प.हे.न | १ | १ | | |
| | सहायक चौथो (प्र) | १ | १ | | |
| आलेप शाखा | आन्तरिक लेखा परीक्षक (पाँचौं) | १ | १ | | |
| कृषि विकास शाखा | अधिकृत छैठौं (कृषि) | १ | १ | | |
| | प्राविधिक सहायक पाँचौं (कृषि) | १ | १ | | |
| बिषयगत शाखा/इकाई | प्रस्तावित कर्मचारी दरवन्दी बिबरण | संख्या | स्थायी | करार | |
| पशु पंक्षी विकास शाखा | पशु चिकित्सक छैठौं | १ | १ | | |
| | प्राविधिक सहायक पाँचौं (भेटेनरी) | १ | १ | | |
| | प्राविधिक सहायक पाँचौं (ला.पो.डे.डे) | १ | १ | | |
| | गाउँपालिकाको कार्यालय तर्फ | ३८ | ३४ | ४ | |

| वडा कार्यालयहरुतर्फ | | | | | |
|---|---|---|---|---|---|
| वडा कार्यालयहरु | सहायक पाँचौं (प्र) | ९ | ९ | | |
| | अ.सव .इन्जिनियर चौथो सिभिल | ९ | ९ | | |
| | स.कम्प्युटर अपरेटर- चौथो | ९ | | ९ | |
| | कार्यालय सहयोगी | ९ | १ | ८ | |
| | कृषि प्राबिधिक (चौथो) | ५ | | ५ | एक वडा एक प्राविधिकतर्फ । |
| | पशु सेवा प्रविधिक (चौथो) | ४ | | ४ | |
| | वडा कार्यालय तर्फ जम्मा | ४५ | १९ | २६ | |
| | जम्मा प्रस्तावित दरवन्दी संख्या | ८३ | ५३ | ३० | |

स्वास्थ्य चौकीहरु तर्फको प्रस्तावित दरवन्दी


| स्वास्थ्य चौकीहरु | दरवन्दी बिवरण | संख्या | दरवन्दीको प्रकृती | | कैफियत |
|---|---|---|---|---|---|
| | | | स्थायी | करार | |
| १. चिर्तुङ्धारा<br>२. पोखराथोक<br>३. नायरनम्तलेस<br>४. खानिछाप<br>५. दर्लमडाँडा<br>६. यम्घा<br>७ खानीगाउँ<br>८ बराङदी<br>९ चापपानी | सि.अ.हे.व/हे.अ. (छैठौं) | ९ | ९ | | |
| | सि.अ.हे.व/हे.अ. (पाँचौं) | ९ | ९ | | |
| | अ.हे.व. (चौथो) | ९ | ९ | | |
| | अ.न.मी. (पाँचौं) | ९ | ९ | | |
| | अ.न.मी. (चौथो) | ९ | ९ | | |
| | का.स. | ९ | ३ | ६ | |
| | कुल दरवन्दी | ५४ | ४८ | ६ | |

| | | | | | |
|---|---|---|---|---|---|
| स्वास्थ्य चौकी तर्फ करारमा थप जनशक्ति | | | | | |
| अ.न.मी. (चौथो) | | ४ | | ४ | |
| ल्याव असिष्टेन्ट (चौथो) | | २ | | २ | |
| | जम्मा करार | ६ | | ६ | |
| आयुर्वेद औषधालय तर्फ | | | | | |
| बराङ्दी आयुर्वेद औषधालय | कविराज (छैठौं/पाचौं) | १ | १ | - | |
| | वैद्य (छैठौं/पाचौं/ चौथो) | १ | १ | - | |
| | औषधी कुटुवा | १ | - | १ | |
| | का.स. | १ | - | १ | |
| | कुल दरवन्दी | ४ | २ | २ | |
| सामुदायिक स्वास्थ्य इकाई ( दरपुक) | अ.हे.व. (चौथो) | १ | | १ | |
| | अ.न.मी. (चौथो) | १ | | १ | |
| | का.स. | १ | | १ | |
| | कुल दरवन्दी | ३ | ० | ३ | |
| | स्वास्थ्य तर्फको जम्मा | ६७ | ५० | १७ | |
| | गाउँपालिकाको कुल दरवन्दीहरु | १५० | १०३ | ४७ | |

# २ – आ. व. २०८०।०८१ को वार्षिक लक्ष तथा प्रगति (भौतिक र वित्तिय) योजना संझौता

## क) भौतिक लक्ष र प्रगतिः लक्ष्य १००% प्रगति ९०.००% योजना संझौता

### विषयगत समितिका आधारमा सम्पन्न योजना संझौता जम्मा २६०





- भैतिक पूर्वाधार विकासतर्फ -१५०
- सामाजिक विकासतर्फ -४५
- सुशासन तथा क्षमता विकासतर्फ -६
- आर्थिक विकासतर्फ - ४
- वन, वातावरण तथा विपद् ब्यबस्थापनतर्फ -०
- एकमुष्ठ रकम विनियोजन भएकोले आवश्यकता अनुसार खर्त गरिने

# २ – आ. व. २०८०।०८१ को वार्षिक लक्ष तथा प्रगति (भौतिक र वित्तिय)

## क) भौतिक लक्ष र प्रगतिः लक्ष्य १००% प्रगति ५.००%

विषयगत समितिका आधारमा सम्पन्न योजना/कार्यक्रमहरुः जम्मा ८



# २ – क्रमश ...

क) भौतिक लक्ष र प्रगतिः लक्ष्य-१०० % प्रगति-२५.००%

## सडक निर्माण,मर्मत तथा संभार







# २ – क्रमश ...

## क) भौतिक लक्ष र प्रगतिः लक्ष्य-१०० % प्रगति-९०.००% योजना संझौता

## विभिन्न योजना/कार्यक्रमहरूको अवस्थाः



# हालसम्मको खर्च विवरण

## वित्तिय लक्ष र प्रगति: लक्ष्य-१०० %    प्रगती- २०.२३%

| सि.नं. | विवरण | विनियोजित | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १) | चालु | ३६ करोड ७३ लाख ४९ हजार ५२४ | ९ करोड ४४ लाख ५० हजार १२२ | २५.७१ |
| २) | पूजिंगत | १३ करोड ६१ लाख ५ हजार | ६३ लाख ३० हजार ८३९ | ४.८४ |
| कूल बजेट | | ४९ करोड ७९ लाख ६४ हजार ५२४ | १० करोड ७ लाख ८० हजार ९६१ | २०.२३ |

# हालसम्म प्राप्त रकम

## संघीय सरकारबाट प्राप्त अनुदान

| क्र.सं. | विवरण | निकासा रकम | प्रतिशत |
|---|---|---|---|
| १ | संघीय सरकार अनुदान | १० करोड ३२ लाख २० हजार | २९.१६ |
| २ | प्रदेश सरकार अनुदान | ७१ लाख ४६ हजार ५०० | ३०.७३ |
| ३ | राजस्व बाडफाड अनुदान | १ करोड १४ लाख ४६ हजार ५८ | १२.२८ |
| ४ | विशेष अनुदान | ०००००० | |
| | जम्मा | १२ करोड १८ लाख १२ हजार ०४७ | २४.०५ |

# निर्माणका क्रममा रहेका योजनाहरु केही तस्बीर










# २०८०।०४।०१ देखि २०८०।०८। मसान्तसम्मको कार्य प्रगति विवरण

१) आर्थिक वर्ष शुरु भएको ६० दिन भित्र पेश भएका सम्पत्ति विवरण सम्बन्धी निकायमा पेश

२) आर्थिक वर्ष शुरु भएको ७ दिन भित्र पेश भएका कार्यसम्पादन मुल्यांकन सम्पन्न ।

३) आर्थिक वर्ष २०७९।०८० को वार्षिक प्रगति समिक्षा सम्पन्न ।

४) आर्थिक वर्ष २०७९।०८० को अन्तिम लेखा परिक्षण सम्पन्न ।

५) बगनासकाली फिचर संग्रह पुस्तक सार्वजनिक ।

६) वर्षिक खरिद योजना निर्माण र स्वीकृती ।

७) वार्षिक कार्ययोजना तयार र स्वीकृती ।

८) ३४ जना लाई श्रम स्वीकृत प्रदान गरिएको ।

९) प्रथम त्रैमासिक सामाजिक सुरक्षा भत्ता वडा तहबाट नै वितरण सम्पन्न ।

१०) नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, वालुवा ) र कवाडी/निकासीको ठेक्का पट्टा गरिएको र सो वापत १३८७०००।-( तेह्र लाख सतासि हजार) आम्दानी ।

११)गाउँपालिकाको प्रथम चौमासिक सम्ममा ५० लाख आम्दानी संकलन

१२) सम्पत्ति कर लागू गरिएको ।

१३) उपभोक्ता समितिहरुको तालिम सम्पन्न गरी गरी वडातहवाट नै उपभोक्ता समितिहरसँग योजना सम्झौता तथा बैंक खाता खोल्ने कार्यक्रम सम्पन्न ।

१४) कृषकहरुका लागि आवश्यक बिउ, विजन वितरण ।

१५) गरिबि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत मेडपा सम्बन्धी अभिमुखिकरण कार्यक्रम सम्पन्न ।

१६) सहभागितात्मक ग्रामिण लेखाजोखा कार्यक्रम सम्पन्न ।

१७) उद्यमशिलता विकास तालिम सम्पन्न ।

१८) प्रधानमन्त्री रोजगार कार्यक्रममा आवद्ध बरोजगारीहरुसँग सम्झौता गरि कार्यक्रम अगाडी बढाईएको ।

१९)प्रथम चौमासिकमा योजना सम्झौता : २६० मध्ये पूर्वाधार सबै योजना र लक्षित तर्फका केही योजना बाँकी, योजना फरफारक : ८ वटा, ठेक्का सम्झौता ९ वटा र कोटेशनद्धारा ७ वटा, ठेक्का योजना तर्फ २५ प्रतिशत कार्य भएको ।

२०)बहु वर्षे योजना अन्तर्गत :- प्रशासकिय भवन ९२ प्रतिशत काम सम्पन्न र १५ शैया भवनको ४५ प्रतिशत सम्पन्न

२१) बजार अनुगमन एकपटक सम्पन्न भएको

२२) घर नक्सा तर्फ अभिलेखिकरण दर्ता ५९ वटा र प्रमाणपत्र वितरण ४६ वटा भएको ।

२३) न्यायिक समितिमा १२ मुद्धा दर्ता भएको र जसमा ४ वटा फछ्र्यौट भएको र ८ वटा प्रक्रियामा रहेको ।

२४) बगनासकाली गाउँपालिका भित्र रहेका सहकारीहरुको अनुगमन तथा सहजिकरण सम्पन्न ।

२५) भू-उपयोग क्षेत्र वर्गीकरण कार्य अगाढी बढाईएको ।

२६) भूमिहिन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवासीहरुको निवेदन भूमि आयोगको कार्य अगाडी बढाईएको ।

२७) पाठ्यक्रम प्राविधिकरण तालिम सम्पन्न ।

२८) प्रथम त्रैमासिक र अर्धवार्षिक परिक्षा सम्पन्न ।

२९) सिकाई आपुरण तथा द्रुत सिकाई योजना (REAL PLAN) को तालिम सम्पन्न ।

३०) विद्प व्यवस्थापन अन्तर्गत विभिन्न विपद्मा परेका ७ जना लाभग्राहीहरुलाई आर्थिक सहयोग ।

३१) प्रथम त्रैमासिकमा ३१२३ जना लाभग्राहीलाई बैक मार्फत ३ करोड ९५ लाख ६ हजार २ सय ३ रुपैया वितरण गरियो ।

३२) प्रथम त्रैमासिकमा वडा तहमा बैकमार्फत १७५१ लाभग्राहीलाई सा.सु भत्ता वितरण गरिएको ।

३३) बैदेशिक रोजगारमा जाने ४८ जना सेवाग्राहीको कागजात प्रमाणित गरि अभिलेखिकरण गरिएको ।

३४) कोभिड १९ बिरुद्धको बुस्टर खोप सञ्चालन गरी १५०० जनालाई सेवा दिइएको ।

३५) अत्यावश्यक स्वास्थ्य उपकरण तथा सामानहरु स्वास्थ्य संस्थाहरुमा वितरण कार्य गरिएको ।

३६) कोभिड १९ बिरुद्धको खोपको QR-Code प्रमाणित गरी सेवाग्राहीलाई निःशुल्क रुपमा दिइएको ।

३७ राष्ट्रिय महिला स्वास्थ्य स्वयसेबिका दिवस लगायत विभिन्न दिवसहरु सम्पन्न

३८) प्रथम चौमासिकमा पुंजीगत तर्फ खर्च विवरण :-४.८४ प्रतिशत

३९) प्रथम चौमासिकमा चालु तर्फ खर्च विवरण :- २५.७१ प्रतिशत

हालसम्म खर्च :- २०.२३ प्रतिशत

# केन्द्र, प्रदेश र जिल्लासँगको अपेक्षा

## क) केन्द्रसँगको अपेक्षा

- आन्तरिक आय अति कम भएका स्थानीय तहहरूलाई थप बजेटको विशेष व्यवस्था गरिनु पर्ने ।
- स्थानीय तहलाई आवश्यक पर्ने व्यवहारिक नमुना कानुनहरु समयमै तर्जुमा गरी उपलब्ध हुनुपर्ने ।
- संघीय बजेटको समानीकरणलाई वृद्दि गर्दै लैजाने ।
- न्याय सम्पादनका लागी कानुन तर्फको अधिकृत वा सहायक कर्मचारीको व्यवस्था गर्नुपर्ने।

## ख) प्रदेशसँगको अपेक्षा

- नियमित रुपमा अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउनका लागि आपसी समन्वय हुनुपर्ने ।
- योजना तथा कार्यक्रमहरु पूर्ण रुपमा सम्पन्न हुन सक्ने गरी पर्याप्त बजेटको व्यवस्था हुनु पर्ने ।
- प्रदेशले सञ्चालन गर्ने योजना तथा कार्यक्रमहरूमा स्थानीय तहको अर्थपूर्ण भूमिका हुनुपर्ने ।
- प्रदेशस्तरका कार्यालयसँगको सम्बन्धलाई सुदृढ गरिनुपर्ने ।
- एक पटक थालनी गरेको योजना समयमा गर्ने गरी बजेको व्यवस्था गरिदिनुपर्ने ।

## ग) जिल्लासँगको अपेक्षा

- जिल्लाका सबै स्थानीय तहमा कार्यसम्पादन हुने अधिकांश काम कारवाहीमा एक रुपता कायम राख्ने व्यवस्था मिलाउनुपर्ने ।
- मासिक समन्वयात्मक छलफल वा यस्तै कुनै विधि अपनाई समन्वयकारी भूमिकालाई व्यापक र प्रभावकारी बनाउनु पर्ने ।
- विभिन्न योजनाहरूको अनुगमन तथा मूल्याङ्कनलाई विस्तार गरी नियमित रुपमा गर्ने, गराउँने परिपाटीको विकास गर्ने ।
- ऐन, नियम निर्माणका सम्बन्धमा विषय विज्ञसँग स्थानीय तहका प्रतिनिधि र कर्मचारीलाई तालिम दिई एक रुपता कायमको आवश्यकता ।

# मूख्य समस्या र चुनौतीहरू

१) आन्तरिक आम्दानीको कमी वा अभावले सबै आयोजना तथा कार्यक्रमहरूलाई सम्बोधन गर्न नसक्नु ।

२) साविक गा.वि.स. देखि कार्यरत अस्थायी र स्थायी कर्मचारीको लागी सेवाको सुनिश्चितता गरी व्यवस्थापन गर्न नसक्नु ।

३) राजश्व बाडँफाँड तर्फ बजेट शिलिङ्ग प्राप्त भई योजना तथा कार्यक्रम तय भई कार्यक्रम सम्पन्न हुनु तर बजेट निकासा नहुँदा सम्पन्न योजना तथा कार्यक्रमको भूक्तानी गर्न नसकी दायित्व श्रृजना हुनु ।

# कार्यालयको सेवा प्रवाहमा सुधार, पारदर्शिता कायम गर्न र जनतालाई प्रत्यक्ष प्रभाव पार्ने सकिने सुधारका उपायहरु

- ❖ आवश्यकता अनुसार ऐन, नियम निर्माण
- ❖कानुन तथा कार्यविधिमा समय सापेक्ष सुधार
- ❖ कार्यप्रक्रियागत सरलीकरण
- ❖ सेवा प्रवाहमा विद्युतीय शासनको प्रयोग : जस्तै

E–sifaris, घटना दर्ता ,सम्पूर्ण कार्यालयमा तथा चोकहरु C.C Camera जडान् गरिएको, कार्यालयको कामलाई प्रभावकारी बनाउनु सबै कर्मचारीहरुको E-attendance लागू गरिएको ।

- ❖जनता तथा सेवा ग्राहीहरुका लागी सहजताको लागि Electronic Funds Transfer (EFT) Payment द्वारा सेवाग्राहीहरुको खाता भक्तानी प्रदान ।
- ❖सेवा प्रवाहका मापदण्ड तोकी सेवा प्रवाह गर्ने गरिएको ।

- ❖ कार्यालय र सबै वडा कार्यालयमा गुनासो सुन्ने अधिकारी तोकिएको ।
- ❖ कार्यालयमा सूचना अधिकारीको व्यवस्था ।
- ❖ सोधपुछ तथा Help Desk संचालन ।
- ❖ कर्मचारी पोषाक तथा परिचयपत्र अनिवार्य समयपालन, आचरण र आज्ञाकारीको व्यवस्था ।
- ❖ कार्यालयमा सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा संचालन ।
- ❖ माथिल्लो निकायवाट प्राप्त आदेश एवं निर्देशनको पूर्ण रुपमा परिपालन एवं तोकिएको समयमै जवाफ पठाउने गरिएको ।
- ❖ कार्यालय शाखा र वडा कार्यालय विच नियमित कर्मचारी बैठक ।
- ❖ जनताका सेवा एवं जनजिवनका सवालमा जनप्रतिनिधि र कर्मचारी बिच सुमधुर सम्बन्ध स्थापित ।
- ❖ जिन्सी व्यवस्थापनको लागी **Public Asset Management System (PAMS)** को प्रयोग

- नागरिकका चाहना अनुसारका कार्यक्रमहरू नीति तथा कार्यक्रममा सञ्चालन ।
- कृषि, पशु, पर्यटनलाई प्राथमिकरण ।
- सवै वाडमा न्यायिक समिति गठन तथा नियमित कार्यसम्पादन ।
- गुनासो सुनुवाई प्रक्रियालाई व्यवस्थित गरिएको ।

❖विषयगत समितिमार्फत छलफल परामर्श गरी कार्यलयबाट नागरिकमैत्री सेवाप्रवाह ।

❖सूचनाको हकलाई पूर्णपरिपालन गर्ने गरिएको ।

❖नियमित कार्यसम्पादनका सूचना स्थानीय मिडियामार्फत नियमित सम्प्रेषण ।

❖विकास निर्माण र नियमित कार्यक्रमहरूमा सञ्चारमाध्यमको समान सहभागिता ।

❖स्थानीय ऐन कानुनको संग्रह तयार ।

❖सबै वार्डमा नागरिक वडापत्र नागरिकको पहुँचमा पुग्नेगरी राखिएको ।

❖विकास निर्माणमा सरोकारवालाको सहभागिताको लागि उपभोक्ता समिति परिचालनमा प्राथमिकता

❖कार्यालयका नियमित कार्यक्रमलाई डिजिटल बोर्ड, सूचना पाटी, सञ्चारमाध्यममार्फत सार्वजनिक

❖लक्षितवर्गका कार्यक्रमलाई प्राथमिकतामा राखी विभिन्न दिवसीय कार्यक्रम ।

❖लक्षित वर्ग र विपद् व्यवस्थापनको लागि मापदण्ड निर्धारण गरी आर्थिक सहायता प्रदान ।

धैर्यता
पूर्वक
ध्यान
दिनु
भएको




मा हार्दिक धन्यवाद ।

जय बगनासकाली ।